# सातौं वार्षिक प्रतिवेदन

## आ. व. २०७३/७४

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ( सिडिएससि )

# संचालक समिति



श्री चन्द्रसिंह साउद
अध्यक्ष



श्री निरन्जन फुयाल
सदस्य



श्री मुराहरि पराजुलि
सदस्य



श्री सागर ढुंगेल
सदस्य



श्री देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत



श्री सुरेन्द्र राज वाग्ले
कम्पनी सचिव

## संचालनका केही झलकहरु












# वित्तीय झलकहरु


कम्पनीको आय तथा व्यय (करोडमा)
०.८३
७.७९
२.०२
६.३९
७.३४
६.२२
११.१६
६.५०
१५.१८
७.४०
आय
व्यय
आ.व.२०६९/७०
आ.व.२०७०/७१
आ.व.२०७१/७२
आ.व.२०७२/७३
आ.व.२०७३/७४


जगेडा कोष र बचत (करोडमा)
२.२२
आ.व.२०६९/७०
आ.व.२०७०/७१
आ.व.२०७१/७२
आ.व.२०७२/७३
आ.व.२०७३/७४
(५.२०)
(६.८०)
(३.१९)
(७.९५)


आयकर अघिको नाफा (करोडमा)
७.२१
४.९९
१.५५
आ.व.२०६९/७०
आ.व.२०७०/७१
आ.व.२०७१/७२
आ.व.२०७२/७३
आ.व.२०७३/७४
(३.७४)
(६.२०)


प्रति शेयर आम्दानी
१८.०२
१२.०४
३.८४
आ.व.२०६९/७०
आ.व.२०७०/७१
आ.व.२०७१/७२
आ.व.२०७२/७३
आ.व.२०७३/७४
(९.१९)
(१५.५७)


नेटवर्थमा औसत प्रतिफल (%)
१६.७८
१३.४८
४.९७
आ.व.२०६९/७०
आ.व.२०७०/७१
आ.व.२०७१/७२
आ.व.२०७२/७३
आ.व.२०७३/७४
(१२.५१)
(१८.८४)

# पुस्तिकामा समाविष्ट सामाग्रीहरु

सातौं वार्षिक साधारण सभाको सूचना .......................................................... २

सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन .......................................................... ३

कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार थप विवरण..................................................१३

लेखापरीक्षकको प्रतिवेदन

निक्षेप सदस्यको सूची

राफसाफ सदस्यको सूची

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## को

## सातौं वार्षिक साधारण सभाको सूचना

यस कम्पनीको मिति २०७४ साल पौष ५ गते बसेको संचालक समितिको निर्णयानुसार देहायका विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा सातौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७३/७४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची माथि छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७४/७५ को कम्पनीको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. विविध ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७४ पौष २७ गते

समय : बिहान ०९:०० बजे ।

स्थान : चौथो तल्ला, शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं ।

....................

आज्ञाले

कम्पनी सचिव

# सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को सातौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी एवं उपस्थित महानुभावहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । अब म संचालक समितिको तर्फबाट आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन पेश गर्दछु ।

**शेयरधनी महानुभावहरु,**

नेप्सेको सूचकाङ्कमा वार्षिक विन्दुगत आधारमा ७.९ प्रतिशतले ह्रास आई २०७४ असार मसान्तसम्म १५८२.७० विन्दु कायम भएको छ । उक्त सूचकाङ्क २०७३ असार मसान्तमा १७१८.२ थियो । यस्तो कठिन परिस्थितिमा पनि सिडिएससिले आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै नयाँ सेवाहरु समेत थालनी गरेको छ । यस आर्थिक वर्षको समीक्षा अवधिमा यस लि. ले हासिल गरेको व्यवसायिक वृद्धि र वित्तीय नतिजा उत्साहजनक रहेको जानकारी गराउँदछु । यसका लागि महत्वपूर्ण योगदान पु¥याउनु हुने सम्पूर्ण शेयरधनी महानुभाव, हितग्राहीवर्ग, नियमक निकाय, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

(१) **आर्थिक वर्ष २०७३/७४ मा भएका कारोबारको संक्षिप्त विवरण :**

समीक्षा वर्षमा यस लि. ले कम्पनीको संचालक समितिबाट स्वीकृत भएको कार्य योजना अन्तर्गत नै रही कार्य गरेको र यस लि. ले अवलम्बन गर्ने हरेक कार्य लि. को दीर्घकालिन लक्ष्य हासिल गर्ने तिर लक्षित हुने व्यहोरा समेत यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु । यस लि. ले समीक्षा वर्षमा हासिल गरेका कार्यहरुको संक्षिप्त विवरण निम्न प्रकार रहेका छन् :

- थप २३ वटा कम्पनीहरुसंग दर्ता सम्झौता गरेको ।
- थप ४ वटा कम्पनीहरुलाई निक्षेत सदस्यता प्रदान गरी ७३ जिल्लाहरुमा निक्षेप सदस्यताको संजाल विस्तार गरेको ।
- कूल ४ लाख ७८ हजार ३ सय ८५ वटा हितग्राही खाता खोलेको ।
- तीन वटा राफसाफ बैंकहरु थप गरी Net Settlement प्रणाली लागू गरेको ।
- मेरो शेयर नामक सफ्टवेयर विकास गरी प्रयोगमा ल्याएको ।
- आस्वा प्रणाली मार्फत् निष्काशन गरिएको सार्वजनिक प्राथमिक निष्काशन र अन्य संस्थागत गतिविधि (जस्तै : बोनस शेयर, हकप्रद शेयर) मा रुजु गर्ने कार्य चुस्त बनाउन छुट्टै नयाँ सफ्टवेयर - BOID Confirmationको विकास गरी प्रयोगमा ल्याएको ।

- ❖ संचालन आम्दानीमा २७.६४ प्रतिशतले वृद्धिभई आयकर अघिको नाफा रु.७ करोड २१ लाख ८ हजार १ सय २३ रुपैयाँ मा २५ प्रतिशत आयकर तथा स्थगन आयकर व्यवस्था पश्चात् रु ५ करोड ४० लाख ७३ हजार १ सय तीन रुपैयाँ खुद नाफा आर्जन गरेको ।
- ❖ कम्पनीले खुद मुनाफा आर्जन गरी रु.२ करोड २१ लाख ९० हजार २ सय १९ रुपैयाँ कम्पनीको जगेडा कोषमा रहेको ।

अब म आ.व. २०७३/७४ को कार्य प्रगतिलाई कम्पनीको कारोबार सम्बन्धी गतिविधि र नीतिगत तथा संस्थागत सुधार सम्बन्धी गतिविधि गरी दुई भागमा प्रस्तुत गर्न चाहन्छु ।

## १.१ कम्पनीको कारोबार सम्बन्धी गतिविधि :

### (क) निष्काशनकर्ताहरुको दर्ता संख्या :

आ.व. २०७३/७४ मा यस लि. ले २३ वटा कम्पनीहरुसंग अभौतिकीकरणका लागि दर्ता सम्झौता गरेको छ । हालसम्म यस लि. मा दर्ता हुने कम्पनीहरुको संख्या १८७ पुगेको छ । उक्त कम्पनीहरुका धितोपत्रलाई यस लि. ले परिचय अंक स्वरुप अन्तर्राष्ट्रिय स्तरको International Securities Identification Number (ISIN) प्रदान गरेको छ ।

### (ख) दर्ता शेयर संख्या :

आ.व. २०७३।७४ मा कूल १४८ वटा कम्पनीहरुले वितरण गरेको हकप्रद, बोनस शेयर तथा फदर पब्लिक इस्यू गरी कूल १५ करोड ३१ लाख २१ हजार ३ सय ८९ कित्ता थप शेयर यस लि.मा दर्ता भएका छन् । त्यसैगरी सार्वजनिक प्राथमिक निष्काशनमा ३५ करोड ५० लाख ८१ हजार ८ सय २३ कित्ता शेयर दर्ता भएका छन् । समीक्षा वर्षमा दर्ता हुने शेयर संख्यामा ८७.८५ प्रतिशतले वृद्धि भई कूल ५० करोड ८२ लाख ३ हजार २ सय १२ कित्ता शेयर पुगेको छ । आर्थिक वर्ष २०७२।७३ मा जम्मा २७ करोड ५ लाख ३८ हजार ३ सय १६ कित्ता शेयर दर्ता भएका थिए ।

### (ग) निक्षेप सदस्यताको संख्या :

अन्तर्राष्ट्रिय अवधारणा अनुसार केन्द्रीय निक्षेप कम्पनीको सेवा निक्षेप सदस्य मार्फत् हितग्राहीहरु माझ पुऱ्याउने उद्देश्य रहेको हुँदा यस लि. ले आ.व. २०७३/७४ मा कूल ४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरेको छ । समिक्षा अवधिसम्म निक्षेप सदस्यको कूल संख्या ६५ वटा पुगेको छ । ती सदस्यहरु मध्ये जम्मा १२ वटा निक्षेप सदस्यहरुले DP Secure सफ्टवेयर प्रयोग गरी ७३ वटा जिल्लाहरुमा निक्षेप सेवा विस्तार गरेका छन् ।

### (घ) राफसाफ सदस्यको Work Station :

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौटमा सहजता प्रदान गर्न कम्पनीले हरेक राफसाफ सदस्यलाई २ वटा Work Station प्रदान गर्दै आएकोमा राफसाफ कार्यमा थप चुस्तता ल्याउनका

लागि उपत्यका बाहिर शाखा खोलेका राफसाफ सदस्यहरुलाई १ वटा Work Station थप गरिएको छ ।

(ङ) **हितग्राही डिम्याट् खाताको संख्या :**

आ.व. २०७३/७४ मा कूल ४ लाख ७८ हजार ३ सय ८५ वटा हितग्राही खाता खोलिएका छन् । यो संख्या गत वर्षको तुलनामा ३६.१३ प्रतिशतले वृद्धि भएको हो ।

(च) **अभौतिकीकरण गरिएका धितोपत्रको संख्या :**

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २२ बमोजिम आफूसंग भएको धितोपत्र अभौतिकीकरण गर्न सक्ने साथै ऐ विनियमावलीको विनियम २३ बमोजिम निष्काशनकर्ताहरुले सार्वजनिक निष्काशन लगायत अन्य निष्काशन समेत अभौतिक रुपमा बाँडफाँड गर्ने व्यवस्था रहेकोमा विभिन्न कम्पनीहरुका शेयर आ.व. २०७३/७४ मा कूल १ अर्ब ५ करोड ९४ लाख ६३ हजार २ सय ९९ कित्ता अभौतिकीकरण भएका छन् । यो संख्या गत वर्षभन्दा १६.७१ प्रतिशतले वृद्धिभएको हो ।

## १.२ नीतिगत तथा संस्थागत सुधार सम्बन्धी गतिविधि :

**शेयरधनी महानुभावहरु ,**

आ.व. २०७३/७४ मा यस लि. ले नीतिगत तथा संस्थागत सुधार अन्तर्गत विनियमावली संशोधन, सो संग सम्बन्धित कार्यविधि तथा निर्देशिका तयार गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, लगानीकर्ता र सरोकारवालाहरुलाई लि. को बारेमा जानकारी प्रदान गर्ने तथा पूँजी बजारको आधुनिकीकरणमा सहजता ल्याउन नयाँ सफ्टवेयरको विकास गर्ने कार्य गरेको छ ।

(क) **राफसाफ बैंक थप गरी Net Settlement प्रणाली :**

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यलाई थप चुस्त तथा प्रभावकारी बनाउनका लागि नेपाल धितोपत्र बोर्डबाट राफसाफ बैंक थप गर्न निर्देशन भएबमोजिम थप तीन वटा क्लियरिङ्ग बैंक नियुक्त गर्न सिडिएस एन्ड क्लियरिङ्ग लि. ले सूचना प्रकाशित गरी आशयपत्र माग गरेकोमा सानिमा बैंक लि., बैंक अफ काठमाण्डू लि., नबिल बैंक लि., सिटिजन्स् बैंक इन्टरनेशनल लि., प्रभु बैंक लि., एनआइसी एसिया बैंक लि., नेपाल इन्भेष्टमेन्ट बैंक लि., सिद्धार्थ बैंक लि., स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि., सनराइज बैंक लि., एभरेष्ट बैंक लि. र एनबी बैंक लि. ले आशयपत्र पेश गरेका थिए ।

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट (तेस्रो संशोधन) विनियमावली, २०७३ प्राप्त भएपश्चात संशोधित प्रावधानहरुलाई समेत समेटेर प्राप्त आशयपत्रहरुको मूल्यांकन गरी उच्च अंक प्राप्त गर्ने बैंकहरुलाई सिडिएससिको मूल्यांकन समितिले सिफारिस गरेको थियो । मापदण्डहरु सहित मूल्यांकन तालिका नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) को संचालक समितिबाट

स्वीकृत गरिएको थियो । उक्त मापदण्ड तथा मूल्यांकन तालिकाको आधारमा सिडिएस एण्ड क्लियरिङ्ग लि. ले नेपाल इन्भेष्टमेन्ट बैंक लि., सिद्धार्थ बैंक लि. र प्रभु बैंक लि.लाई क्लियरिङ बैंकका रुपमा छनौट गरेको हो । मिति २०७४।०३।१८ गतेदेखि नेपाल स्टक एक्सचेन्ज लि. मा सम्पन्न भएको कारोबारको राफसाफ तथा फछ्र्यौट Multiple Clearing Bank मार्फत् Net Settlement प्रणालीको आधारमा गरिदैं आएको छ । उक्त राफसाफ बैंकहरु मध्ये नेपाल इन्भेष्टमेन्ट बैंक लि. लाई Lead Bank को रुपमा छनौट गरिएको छ । Lead बैंकले राफसाफ तथा फछ्र्यौट प्रयोजनका लागि खोलिएका खाताहरुको संचालन गर्ने व्यवस्था मिलाउने र अन्य राफसाफ बैंकहरुसंग रकमान्तरका लागि interbank transfer को आवश्यक व्यवस्था मिलाउने गरी नेपाल इन्भेष्टमेन्ट बैंक लि. लाई तोकिएको छ ।

**(ख) विनियमावली संशोधन :**

समीक्षा अवधिमा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा आवश्यक संशोधन गर्न नेपाल धितोपत्र बोर्डमा पेश गरिएकोमा बोर्डबाट मिति २०७३।११।०२ गते स्वीकृति प्राप्त भई मिति २०७३।११।१५ गतेदेखि संशोधित विनियमावलीहरु लागू गरिएका छन् ।

**(ग) मानव संशाधन विकास, तालिम एवं गोष्ठी :**

कर्मचारीको कार्यदक्षता तथा मनोबल अभिवृद्धि गर्न कम्पनीले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण तथा तालिम प्रदान गरेको छ । साथै कर्मचारीहरुलाई प्रोत्साहन गर्न कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक विनियमावलीमा व्यवस्था भएको सुविधाहरु प्रदान गरिएको छ । आ.व. २०७३।७४ को अन्त्यसम्ममा कम्पनीमा स्थायी तथा करारमा कार्यरत कर्मचारीको संख्या ३२ जना रहेको छ जसमध्ये ४४ प्रतिशत महिला कर्मचारी र ५६ प्रतिशत पुरुष कर्मचारी रहेको छ ।

**(घ) जनचेतना मूलक कार्यक्रम तथा तालिम :**

धितोपत्र केन्द्रीय निक्षेप तथा विद्युतीय राफसाफ तथा फछ्र्यौट सम्बन्धी कार्य नयाँ अवधारणा भएको हुँदा कम्पनीले लगानीकर्ताहरु लगायत सम्बन्धित पक्षहरुलाई सो बारे जानकारी प्रदान गर्न विभिन्न तालिम आयोजना गरेको छ । साथै नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जले आयोजना गरेको लगानीकर्ता सचेतना कार्यक्रमहरुमा समेत यस कम्पनीले सहभागिता जनाई लगानीकर्ताहरुलाई सचेत गराउने काम गर्दै आएको छ ।

**(ङ) कम्पनीको सूचना प्रवाह :**

कम्पनीले सम्बन्धित पक्षहरुलाई कम्पनी तथा यसका गतिविधिका बारेमा जानकारी गराउनका लागि वेवसाईटमा नियमित सूचना तथा परिपत्रहरु अद्यावधिक गर्ने गरिएको तथा विभिन्न

पत्रपत्रिकामा प्रेश विज्ञप्ति, सूचना र जानकारीमूलक विज्ञापन प्रकाशन गरी निरन्तर रुपमा जानकारी गराउँदै आएको छ ।

(च) **अन्तर्राष्ट्रिय सम्बन्ध :**

यस लि. सदस्यता रहेको Asia Pacific CSD Group (ACG) र Association of National Numbering Agencies (ANNA) ले आयोजना गर्ने वार्षिक साधारण सभा, तालिम तथा गोष्ठीमा कम्पनीले सहभागिता जनाउँदै आएको छ । साथै सदस्य राष्ट्रहरुले समय समयमा सर्वेक्षणका लागि पठाइएका प्रश्नहरुको समेत उत्तर पठाई अन्तर्राष्ट्रिय सूचना तथा धारणाहरु एक-आपसमा साटासाट गरी सुमधुर सम्बन्ध कायम गर्न सफल भएको छ ।

(छ) **नयाँ सेवाको सम्बन्धमा :**

प्रविधिमा आएका समस्यालाई समाधान गरी कम्पनीले पूँजी बजार संग सम्बन्धित पक्ष तथा लगानीकर्ताहरुको सुविधाको लागि देहायका सेवाहरु थप गरेको छ :

अ) **मेरो शेयर :**

हितग्राहीलाई आफ्नो विवरण कागजरहित उपलब्ध गराउन तथा निजहरुको खातामा अनाधिकृत कारोबारको जोखिमलाई हटाउनका लागि आफ्नो खातामा भएको कारोबारको विवरण अनलाइन मार्फत् उपलब्ध गराउन सिडिएससिले नयाँ Applications "मेरो शेयर" को विकास गरेको छ । समिक्षा अवधिमा कूल ५६ वटा निक्षेप सदस्यले उक्त अनलाइन Applications मार्फत् हितग्राही खाताको विवरण उपलब्ध गराएका छन भने उक्त सेवा प्रयोग गर्ने हितग्राहीको संख्या कूल ६३,३७६ पुगेको छ ।

आ) **BOID Confirmation Software:**

यस लि. ले प्राथमिक निष्काशन तथा अन्य संस्थागत गतिविधिमा सहजता ल्याउन नयाँ सफ्ट्वेयर BOID Confirmation को विकास गरेको छ । उक्त सफ्टवेयरले आवेदकहरुको सम्पूर्ण विवरणहरु सहज रुपमा रुजु गरी छोटो समयमा नै शेयर बाँडफाँड गर्नमा टेवा पुऱ्याउँछ । आ.व. २०७३।७४ मा निष्काशन गरिएका प्राथमिक निष्काशनको रुजु समेत उक्त सफ्टवेयरबाट गरिएको छ । त्यसैगरी निष्काशनकर्ताहरुले जारी गर्ने  बोनस शेयर, हकप्रद शेयर सोभैm लगानीकर्ताहरुको खातामा जम्मा गर्दै आएका छन् जसले गर्दा लगानीकर्ताहरु समयमा नै बजारबाट लाभान्वित हुने वातावरण बनेको छ । समीक्षा वर्षमा उक्त सफ्टवेयर २४ वटा कम्पनीहरुले सार्वजनिक निष्काशनमा प्रयोग गरेका छन् ।

इ) **Centralized Application for ASBA Based Issuance (C-ASBA) :**

नेपाल धितोपत्र बोर्डबाट लागू गरेको आस्बा प्रणालीमा आवद्ध पक्षहरुलाई थप सहजीकरण प्रदान गर्न तथा थप व्यवस्थित गर्न सिडिएससिले केन्द्रीकृत प्रणाली C-ASBA (Centralized Application for ASBA Based Issuance) नामक सफ्टवेयर विकास गरेको छ । धितोपत्र सार्वजनिक निष्काशनमा आवद्ध हुने सम्पूर्ण पक्षहरुलाई एकै प्रणाली मार्फत् निष्काशन तथा आवेदनको प्रविष्टि लगायतका

कार्यहरु केन्द्रीकृत रुपमा यस सफ्टवेयर मार्फ्त गर्न सकिन्छ । C-ASBA को प्रयोग संगै हाल एक महिना भन्दा बढी समय लागिरहेको निष्काशन तथा बाँडफाँड प्रकृयालाई एक हप्तामा नै सम्पन्न गरी लगानीकर्ताको डिम्याट् खातामा बाँडफाँड गर्न सक्नेछ । समीक्षा अवधिमा चार वटा आस्वा प्रयोग गर्दै आएका सदस्य बैंक तथा वित्तीय संस्थाहरुले उक्त सफ्टवेयरको परीक्षण गरी प्रयोगमा ल्याइसकेका छन् ।

इ) **बैंक खाता अध्यावधिक गर्ने :**

नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत कम्पनीहरुले आफ्ना शेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश लगानीकर्ताहरुको बैंक खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाउन नेपाल धितोपत्र बोर्डबाट निर्देशन भएबमोजिम कम्पनीको Central Depository Accounting Applications मा आवश्यक परिमार्जन गरी हितग्राहीहरुलाई अनिवार्य रुपमा बैंक खाता उपलब्ध गराई अद्यावधिक गर्न र नयाँ खाता खोल्ने हितग्राहीले अनिवार्य रुपमा आफ्नो खाता उपलब्ध गराउनु पर्ने जानकारी गराएबमोजिम कार्यान्वयन भइसकेको र केही हितग्राहीहरु सम्पर्कमा नआएकोले सो कार्य जारी नै रहेको छ ।

उ) **सार्वजनिक निष्काशनको अनलाइन आवेदन :**

सार्वजनिक निष्काशनमा लगानीकर्ताहरुलाई सहजता प्रदान गर्न यस लि. ले प्रदान गर्दै आएको मेरो शेयर Application मार्फत् सार्वजनिक निष्काशन गरेको कम्पनीको नाम, कित्ता तथा रकम भरी सोझै निवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ ।

(२) **कम्पनीको कार्ययोजना तथा चुनौतिहरु :**

(क) **कम्पनीको कार्ययोजना :**

- २०७२ वैशाख १२ गते गएको भूकम्पले थापाथली स्थित शिखर विज सेन्टरको तेस्रो तल्लामा रहेको कार्यालयमा क्षति गरेकोले सहज ढंगले कार्य गर्न कठिनाई हुँदा कार्यालयको भौतिक संरचना साथै फर्निचर तथा फिक्चर्स लिलाम बिकि गरी २०७३ वैशाख २ गते बाट पुतलीसडक स्थित शेयर मार्केटस् कमर्सियल कम्प्लेक्सको भवनमा स्थान्तरण भई कार्यालय संचालन गरिरहेकोमा समिक्षा अवधिमा कार्यालयको भौतिक संरचना निर्माण सम्पन्न गर्ने साथै आवश्यक फर्निचर तथा फिक्चर्स खरिद गर्ने ।
- आर्थिक वर्षको अन्त्यसम्म धितोपत्र अभौतिकीकरण गराउन बाँकी रहेका र थप नयाँ कम्पनीहरुसंग सम्झौता गरी अभौतिकृत धितोपत्रलाई International Securities Identification Number (ISIN) प्रदान गर्ने ।
- थप कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरी निक्षेप सदस्यताको संजाल विस्तार गर्ने ।
- कम्पनीको विभिन्न प्रयोजनका लागि आवश्यक पर्ने Server हरु लाई Virtualization प्रविधिमा प्रयोग गर्न Server तथा Virtualization Software खरिद गर्ने ।

- ❖ कार्यालयको सेवालाई थप चुस्त गर्न साथै सेवाग्राहीलाई थप सेवा प्रदान गर्न Value Added Service प्रयोग गर्न Internet/SMS Technology हरुको विकास गरी सेवा प्रदान गर्न आवश्यक अध्ययन गर्ने ।
- ❖ कार्यालयको CDAS तथा CNS Software Applicationलाई Web CDAS मा प्रतिस्थापन गर्न आवश्यक अध्यायन गरी कार्यान्वयन गर्ने ।
- ❖ कार्यालयको सेवामा थप विस्तार गर्न Common KYC, Insurance Repository, E–Voting BOID Verification, Balance Inquiry, SMS Based Inquiry, DP/RTA/CM Billing Module, Investor ID सेवा सुरुवात गर्ने ।
- ❖ कार्यालयमा प्रयोग हुँदै आएको हार्डवेयर तथा सफ्टवेयरलाई प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न हार्डवेयर तथा सफ्टवेयर खरिद गरी Disaster Recovery Site को स्थापना गर्ने ।

**(ख) कम्पनीका चुनौतिहरु :**

(अ) कम्पनीको कारोबारलाई असर पार्ने मुख्य विषयहरु : आर्थिक नीति, मौद्रिक नीति, नियामक निकाय तथा नेपाल राष्ट्र बैंकको नीति तथा निर्देशन, दोस्रोबजारको नीति तथा निर्देशन, दर्ता हुने कम्पनीहरुको संख्या, धितोपत्र कारोबारको संख्या ।

(आ) उपत्यका भित्र तथा बाहिरका लगानीकर्ताहरुलाई यस कम्पनीको सेवा बारे शिक्षित तथा सचेत गरी केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध गराउने ।

(इ) कम्पनी संचालनमा जानु अगाडि बनेका ऐन, नीति, नियम तथा विनियम संशोधन नहुँदा सिर्जित बाधालाई सम्बोधन गर्ने ।

(ई) Settlement Guarantee Fund को स्थापना गर्ने ।

(उ) नेप्सेले आफ्नो Trading System मा upgrade गरेपश्चात् वा Fully Automated Trading System विस्तार गरे पश्चात् राफसाफ तथा फछ्र्यौट पद्तिमा Upgrade गर्नुपर्ने ।

(ऊ) कम्पनीको कार्य संचालनसंगै जोखिम न्यूनिकरण गर्न तथा कार्यान्वयनमा सहजता प्रदान गर्न नयाँ नीति तथा सोसंग सम्बन्धित नयाँ प्रविधि निर्माण गर्ने ।

(ए) कम्पनीसंग आवद्ध पक्षहरुको Smart निरीक्षण गर्न विद्युतीय प्रविधि तयार गर्ने ।

(ऐ) तथ्यांकको सुरक्षित व्यवस्थापन गर्न ।

**(३) लेखा परीक्षकको नियुक्ती :**

कम्पनीको आ.व. २०७२/७३ मा सम्पन्न भएको छैठौं वार्षिक साधारण सभाबाट P. Madav & Associatesलाई आ.व.२०७३/७४ लेखारीक्षक नियुक्त गरी सो को जानकारी मिति २०७३/११/३० गतेको पत्रबाट महालेखापरीक्षकको कार्यालयमा जानकारी गराईएकोमा उक्त कार्यालयको मिति

२०७३/१२/०६ गतेको पत्रबाट नेप्से सरकारी स्वामित्वमा स्थापित कम्पनी र सिडिएससि नेप्सेको १०० प्रतिशत लगानी भएको कम्पनी हुनाले सोको लेखापरीक्षण महालेखापरीक्षकबाट सिफारिस भएको लेखापरीक्षणबाट हुनुपर्ने व्यहोरा प्राप्त भईआ.व. २०७३।७४ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेन्ट शेषमणी दाहाललाई नियुक्ति गर्न परामर्श भएको हुँदा आ.व. २०७३।७४ को लेखापरीक्षण गर्न मिति २०७४।०६।०१ गतेको विशेष साधारण सभाबाट चार्टर्ड एकाउण्टेन्ट शेषमणी दाहाललाई नियुक्त गरी ICAN ले तोकेको न्यूनतम शुल्क रु. १ लाख मु.अ.क. सहित र कर लेखापरीक्षणको लागि समेत रु. १ लाख मु.अ.क. सहित गरी जम्मा रु. २ लाख प्रस्ताव पारित गरिएको व्यहोरा यहाँहरु सबैलाई विदितै छ । महालेखापरीक्षको मिति २०७४।०९।१८ गतेको पत्रमार्फत् आ.व. २०७४।७५ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेन्ट शेषमणी दाहाललाई नियुक्त गर्न परामर्श प्राप्त भएको ।

(४) **लेखा परीक्षण प्रतिवेदन :**

आ.व. २०७३/७४ को लेखा परीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन पेश गर्न पाएको व्यहोरा सम्पूर्ण शेयरधनीलाई जानकारी गराउन पाउँदा अत्यन्तै खुशी लागेको छ ।

**४.१ लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर संचालक समितिको प्रतिक्रिया :**

नेपाल लेखामान बोर्डले आ.व. २०७३।७४ देखि सबै सरकारी स्वामित्व भएका निकायहरुले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) अनुरुप तयार गर्नुपर्ने सूचना जारी गरेकामा आ.व. २०७३।७४ को वित्तीय विवरणहरु सो प्रतिवेदनमान अनुरुप तयार नभएकोले आ.व. २०७४।७५ बाट उक्त प्रतिवेदनमान अनुरुप वित्तीय विवरण तयार गरिनेछ ।

**४.२ लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाब दिएको भए सो को विवरण :**

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

१) श्री निरञ्जन फुयाँल – संयोजक

२) श्री मुराहरि पराजुली – सदस्य

३) श्री सागर ढुंगेल – सदस्य

लेखा परीक्षण समितिका सदस्यहरुलाई प्रत्येक बैठकका लागि बैठक भत्ता कर सहित रु.३,०००।- बाहेक अन्य कुनै अतिरिक्त पारिश्रमिक प्रदान गरिएको छैन । सो समितिले आन्तरिक प्रतिवेदनहरुको अध्ययन, पुनरावलोकनका साथै सुधारका लागि आवश्यक निर्देशन जारी गर्ने गरेको छ । यसका लागि वित्त शाखा प्रमुखले सहयोगीको कार्य गर्दै आउनु भएको छ ।

## ४.३ कम्पनीको आय व्यय विवरण :

कम्पनीले आ.व.२०७२/७३ मा रु.११ करोड ८९ लाख ५९ हजार ३९ रुपैयाँ आम्दानी गरेकोमा आ.व.२०७३/७४ मा रु.१५ करोड १८ लाख ४२ हजार ६ सय ६२ रुपैयाँ आम्दानी गर्न सफल भएको छ। यस आ.व.मा आम्दानी गत आर्थिक वर्षको तुलनामा २७.६४ प्रतिशतले वृद्धिभएको छ। त्यसैगरी खर्च तर्फ आ.व. २०७२/७३ मा रु. ६ करोड ४९ लाख ७५ हजार २ सय ७५ रुपैयाँ खर्च भएकोमा यस आ.व. २०७३/७४ मा रु. ७ करोड ३९ लाख ६५ हजार ८ सय ८९ रुपैयाँ खर्च भएको छ। यस आ.व.मा खर्च गत आ.व.२०७२/७३ भन्दा १३.८४ प्रतिशतले वृद्धिभएको छ।

आ.व.२०७३/७४ मा रु.७ करोड ७८ लाख ७६ हजार ७ सय ७३ रुपैयाँ संचालन मुनाफा आर्जन गरेकोले बोनस ऐन, २०३० को बोनस नियमावली अनुसार कर्मचारीहरुलाई रु.५७ लाख ६८ हजार ६ सय ५० रुपैयाँ बोनश व्यवस्था गरेको छ जुन कम्पनीको नाफाको ८ प्रतिशत (बोनश सहित) रहेको छ। कर्मचारीहरुलाई बोनस व्यवस्था पछि यस वर्ष नाफा रु.७ करोड २१ लाख ८ हजार १ सय २३ रुपैयाँ रहेको छ। आ.व.२०७२/७३ सम्म ३ करोड १८ लाख ८२ हजार ८ सय ८४ संचित नोक्सान रहेकोमा आ.व. २०७३।७४ मा संचित मुनाफा आर्जन गर्न सफल भई रु.२ करोड २१ लाख ९० हजार २ सय १९ रुपैयाँ कम्पनीको जगेडा कोषमा रहेको छ।

## ४.४ शेयर स्वामित्व ग्रहण :

यस लि. को अधिकृत पूँजी ५० लाख कित्ता प्रति शेयर रु.१०० को विभाजन गरी रु.५० करोड कायम गरिएको छ भने जारी तथा चुक्ता पूँजी ३० लाख कित्ता प्रति शेयर रु.१०० को दरले रु.३० करोड कायम गरिएको छ। आ.व.२०६९/७० मा संस्थापक कम्पनी नेप्सेबाट सम्पूर्ण रकम रु.३० करोड नै चुक्ता भएको छ।

## ४.५ लाभांश वितरण :

कम्पनीले आ.व.२०७३/७४ मा संचित मुनाफा आर्जन गर्न सफल भएपनि जगेडा कोषमा न्यूनतम रकम रहेको हुँदा कुनैपनि लाभांश घोषण गरिएको छैन।

## (५) विविध :

### (क) संचालक समितिमा परिवर्तन

यस लि. को वर्तमान संचालक समितिमा नेप्सेका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद-अध्यक्ष, निरन्जन फुयाँल-सदस्य, मुराहरि पराजुली-सदस्य र सागर ढुंगेल-सदस्य रहनु भएको छ भने कम्पनी सचिव सुरेन्द्र राज वाग्ले रहनु भएको छ। समीक्षा अवधिमा अध्यक्षका रुपमा श्री सीताराम थपलिया र सञ्चालकका रुपमा श्री प्रमोदकुमार भट्टराईले आफ्नो कार्यकालमा यस लिमिटेडको विकास र विस्तारमा पुर्‍याउनुभएको योगदानको कदर गर्दै वहाँहरुलाई धन्यवाद दिन चाहन्छु।

(६) **कृतज्ञता ज्ञापन :**

कम्पनीको उत्तरोत्तर प्रगति तथा समृद्धिको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले बैंकलाई सहयोग तथा सुझाव दिई कम्पनीको कार्यदक्षता तथा सेवा वृद्धिगर्न मद्दत गर्ने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, पूर्व अध्यक्ष तथा संचालकहरु, पूर्व कार्यकारी प्रमुखहरु, कम्पनीको हित तथा प्रगतिको लागि मार्ग निर्देशन गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत सम्पूर्ण नियामक निकायहरु तथा कम्पनीको उन्नतिमा अनवरत लागि पर्ने कम्पनीका संचालकहरु, कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु एवं संचार प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा कम्पनीले अझ गुणस्तरीय सेवा प्रदान गर्न सदैव तत्पर रहने प्रतिबद्धता जाहेर गर्दछु ।

अन्त्यमा, यस सातौं वार्षिक साधारणसभामा यहाँहरुलाई पुनः एक पटक स्वागत गर्दै सम्बन्धित सबैको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

अध्यक्ष
चन्द्रसिंह साउद

# कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार थप विवरण

**(क) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

कुनै कैफियत नरहेको ।

**(ख) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

कम्पनीले आ.व.२०७३/७४ मा शेयरधनीहरुलाई कुनै पनि लाभांश घोषणा गरिएको छैन ।

**(ग) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :**

नभएको ।

**(घ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

मिति २०७३।११।१५ गतेदेखि लागू हुनेगरी संशोधित धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ लागू गरिएको । मिति २०७४।०३।१८ गतेदेखि लागू हुनेगरी नेपाल स्टक एक्सचेन्ज लि. मा सम्पन्न भएको कारोबारको राफसाफ तथा फछ्यौट Multiple Clearing Bank मार्फत् Net Settlement प्रणालीको आधारमा गरिएको ।

**(ङ) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) का प्रतिनिधिले संचालक समितिमा प्रतिनिधित्व गर्ने हुँदा प्रतिनिधित्व गर्ने संचालकहरुले व्यक्तिगत रुपमा शेयर ग्रहण नगरेको ।

| सहभागी संस्थाहरु | शेयर प्रतिशत | शेयर संख्या |
|---|---|---|
| नेप्से | १००% | ३०,००,००० |

**(च) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

नभएको ।

**(ज) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**

नभएको ।

**(झ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

(१) कार्य संचालन खर्च - रु. ५,१२,७८,६०१।-

(२) कर्मचारी खर्च - रु. १,३६,९६,६७४।-

(३) कूल खर्च - रु. ६,४९,७५,२७५।-

**(ञ) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार आ.व. २०७३/७४ मा लेखा परीक्षण समितिमा संचालक परिवर्तनले गर्दा तपशिल बमोजिम पुनर्गठन गरिएको छ :

(१) श्री निरन्जन फुयाँल - संयोजक

(२) श्री मुराहरि पराजुली - सदस्य

(३) श्री सागर ढुंगेल - सदस्य

यस समिति सचिवालयको काम वित्त शााखाले गर्दछ । यस समितिले आफ्नो कार्यविधि तर्जुमा गर्नुका अतिरिक्त आगामी आर्थिक वर्षको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन विस्तृत रुपमा अध्ययन गरी व्यवस्थापनलाई निर्देशन दिने र संचालक समितिलाई प्रतिक्रिया उपलब्ध गराउँदै आएको छ । आ.व. २०७३/७४ मा गठित यस समितिको बैठक १९ पटक बसी संयोजक लगायत सदस्यहरुलाई प्रति बैठक कर सहित रु.३,००० मात्र उपलब्ध गरिएको ।

**(ट) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

नभएको ।

**(ठ) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

**(१) सञ्चालकहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाहरु :**

संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई बैठक भत्ता बापत रु.३,०००।- (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) कर सहित उपलब्ध गराईएको । साथै प्रमुख कार्यकारी अधिकृतलाई आमन्त्रितको रुपमा बैठक उपस्थित भए बापत सोही बमोजिम रु.३,०००।- (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) कर सहित उपलब्ध गराईएको छ । आ.व. २०७३।७४ मा अध्यक्ष तथा संचालकहरुलाई बैठक भत्ता बापत जम्मा रु.६,९१,५००।- (अक्षरेपि छ लाख एकानब्बे हजार पाँच सय रुपैयाँ मात्र) प्रदान गरिएको छ ।

**(२) कार्यकारी प्रमुखलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाहरु :**

प्रमुख कार्यकारी अधिकृतले बैठक भत्ता बापत : रु.२,०६,५००।- (अक्षरेपि दुई लाख छ हजार पाँच र रुपैयाँ मात्र), पारिश्रमिक बापत : रु.१६,२७,१८९।- (अक्षरेपि सोह्र लाख सत्ताईस हजार एक सय उनान्नब्बे रुपैयाँ मात्र) र अन्य सुविधा बापत : रु.६,२८,१८४।- (अक्षरेपि छ लाख अठ्ठाईस हजार एक सय चौरासी रुपैयाँ मात्र) गरी जम्मा रु.२४,६१,८७३।- (अक्षरेपि चौबीस लाख एकसठी हजार आठ सय त्रिहत्तर रुपैयाँ मात्र) प्रदान गरिएको छ ।

**(ड) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम (आषाढ मसान्त २०७३) :**

नभएको ।

**(ढ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

नभएको ।

**(ण) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण**

नभएको ।

**SM Dahal & Associates**
*Chartered Accountants*

KMPC, Ward No. 10
New Baneshwor, Kathmandu, Nepal
T: +977-9851086331
E: sheshmani.dahal@gmail.com

## श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**को (यस पछि 'कम्पनी' भनिएको) यसै साथ संलग्न २०७४ आषाढ मसान्त (१५ जुलाई २०१७) को आर्थिक अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धि महत्वपूर्ण अनुमान गर्ने दायित्व समेत समावेश रहेको हुन्छ ।

३. **लेखापरिक्षकको जिम्मेवारी**

नेपाल लेखापरिक्षणमान बमोजिम वित्तीय विवरणहरुको लेखापरिक्षण सम्पन्न गरी त्यस उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । राय व्यक्त गर्न अस्विकार गरीएको अनुच्छेदमा उल्लेखित कारणले गर्दा, हामीले नेपाल वित्तिय प्रतिवेदनमान अनुसार तयार गरेको वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एवं उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त गर्न सकेनौं ।

४. **राय व्यक्त गर्न अस्विकार गरीएको आधार**

सरकारी स्वामित्वका निकायलाई लागु हुने वित्तिय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तिय प्रतिवेदनमानमा परिवर्तन भएको छ । वित्तिय प्रतिवेदनको ढाँचा परिवर्तन हुदाँ संक्रमणकालिन व्यवस्था अनुरुप तुलनात्मक जानकारी सहित २०७२ आषाढ मसान्त र कम्तिमा तिनवटा आर्थिक अवस्थाको विवरण, दुईवटा नाफा वा नोक्सानको विवरण, दुईवटा नगद प्रवाह विवरण, दुईवटा ईक्विटीमा भएको परिवर्तनको विवरण र सम्बन्धित टिप्पणी आवश्यक पर्दछ । वित्तिय विवरणहरु नेपाल वित्तिय प्रतिवेदनमान ०१ को संक्रमणकालिन व्यबस्था अनुरुप तयार गरीएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तिय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आबश्यक पर्दछ ।

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप वित्तिय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

५. **राय व्यक्त गर्न अस्विकार गरीएको**

"राय व्यक्त गर्न अस्विकार गरीएको आधार" अनुच्छेदमा उल्लेखित विषयवस्तुको सारगर्भिताका कारण, हामीले

क्रमशः...

Dahal.

नेपाल वित्तिय प्रतिवेदनमान अनुसारको वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एवं उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त गर्न सकेनौं । त्यसकारण, नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तिय विवरणहरु उपर हामी राय दिदैनौं ।

६. **कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धि ऐन, २०६३ को आबश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पुर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब बहिखाता श्रेष्ता र लेखासँग दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

SM Dahal & Associates Chartered Accountants

Sahal

मिति : २०७४।०९।०५
स्थान : काठमाडौ, नेपाल

सिए. शेष मणि दाहाल
प्रोप्राईटर

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## पुतलीसडक, काठमाण्डौं
## आर्थिक अवस्थाको विवरण
## २०७४ आषाढ ३१

रकम (रु.) मा

| | विवरण | अनुसूची | २०७४/०३/३१ | २०७३/०३/३१ |
|---|---|---|---|---|
| क | **कोषको श्रोत :** | | | |
| | १ शेयर धनी कोष | | | |
| | शेयर पूँजी | १ | ३००,०००,००० | ३००,०००,००० |
| | जगेडा कोष र बचत | २ | २२,१९०,२१९ | (३१,८८२,८८४) |
| | **२ अचल दायित्व** | ३ | ११,१८८,३२८ | ८,५५२,०५९ |
| | ३ **चालु दायित्व** | ४ | १५,८३१,७४२ | १८,९५३,७३३ |
| | **जम्मा :** | | **३४९,२१०,२८९** | **२९५,६२२,९०८** |
| ख | **कोषको उपयोग :** | | | |
| | **१ स्थिर सम्पत्ति :** | | | |
| | पूँजीकृत स्थिर सम्पत्ति (परल मोल) | ५ | २५,१४४,१८३ | ९,९०७,८३९ |
| | न्यून: ह्रास कट्टि | | (११,८६२,७६९) | (७,५७४,९४२) |
| | **खुद स्थिर सम्पत्ति** | | **१३,२८१,४१४** | **२,३३२,८९७** |
| | २ पूँजीकरण गरिनु पर्ने सम्पत्ति (Capital Work in Progress) | ५ | - | ९९८,९२० |
| | **३ अमूर्त सम्पत्ति** | | | |
| | पूँजीकृत अमूर्त सम्पत्ति (परल मोल) | ६ | १५०,८१६,०१८ | १५०,६६७,०३० |
| | न्यून: अपलेखन | | (१४९,०४३,१८७) | (११८,८८८,९४४) |
| | **खुद अमूर्त सम्पत्ति** | | **१,७७२,८३१** | **३१,७७८,०८६** |
| | **४ अचल सम्पत्ति** | ७ | **१८,०००** | **१८,०००** |
| | **५ स्थगन आयकर सम्पत्ति** | | **१,०७०,८४७** | **८,५५३,४५४** |
| | **६ चालु सम्पत्ति** | | | |
| | पेश्की तथा लिनुपर्ने | ८ | ६९,१९७,६५७ | ७७,१७४,३४७ |
| | बैंक मौज्दात | ९ | २६३,८६९,५४० | १७४,७६७,२०४ |
| | **जम्मा चालु सम्पत्ति** | | **३३३,०६७,१९७** | **२५१,९४१,५५१** |
| | **जम्मा :** | | **३४९,२१०,२८९** | **२९५,६२२,९०८** |

महत्वपूर्ण लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु
अनुसूची १ देखि १४ यो वित्तीय विवरणको अभिन्न भाग हो ।

यसै मितिको हाम्रो संलग्न
प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

सिए. शेषमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सागर ढुंगेल
संचालक

मुराहरी पराजुली
संचालक

निरन्जन फुँयाल
संचालक

चन्द्रसिंह साउद
अध्यक्ष

मिति: २०७४।०९।०५
स्थान: काठमाण्डौं ।

CDS and Clearing Ltd.

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## पुतलीसडक, काठमाण्डौं

## नाफा वा नोक्सान विवरण

## मिति २०७३ साउन १ देखि २०७४ आषाढ ३१ सम्म

रकम (रु.) मा

| विवरण | अनुसूची | २०७३/७४ | २०७२/७३ |
|---|---|---|---|
| **संचालन आम्दानी :** | | | |
| कार्यसंचालन आम्दानी | १० | १३४,१६६,४४५ | १११,४९६,६९९ |
| अन्य आम्दानी | ११ | २१३,८१७ | ९७,२३९ |
| **कुल संचालन आम्दानी** | | **१३४,३८०,२६२** | **१११,५९३,९३८** |
| **संचालन खर्च :** | | | |
| प्रशासकीय खर्च | १२ | ३९,५२३,८१९ | ३३,३३१,५१४ |
| ह्रास कट्टी खर्च | ५ | ४,२८७,८२७ | १,५२२,०८६ |
| सफट्वेयर अपलेखन खर्च | ६ | ३०,१५४,२४३ | ३०,१२१,६७५ |
| **कुल संचालन खर्च** | | **७३,९६५,८८९** | **६४,९७५,२७५** |
| **संचालन बचत/(घाटा)** | | **६०,४१४,३७३** | **४६,६१८,६६३** |
| **गैर संचालन आम्दानी :** | | | |
| बैंक ब्याज आम्दानी | १३ | १७,४६२,४०० | ७,३६५,१०१ |
| **आयकर तथा बोनस अगाडीको नाफा/(नोक्सान)** | | **७७,८७६,७७३** | **५३,९८३,७६४** |
| कर्मचारी बोनस | | ५,७६८,६५० | ३,९९८,७९७ |
| **आयकर अघिको नाफा** | | **७२,१०८,१२३** | **४९,९८४,९६७** |
| **आयकर व्यवस्था (क+ख)** | | **(१८,०३५,०२०)** | **(१३,८५५,३९२)** |
| स्थगन आयकर आम्दानी / (खर्च) (क) | | (७,४८२,६०७) | (१३,८५५,३९२) |
| चालु आयकर खर्च (ख) | | (१०,५५२,४१३) | - |
| **खुद नाफा / नोक्सान** | | **५४,०७३,१०३** | **३६,१२९,५७५** |

महत्वपुर्ण लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु

अनुसूची १ देखि १४ यो वित्तीय विवरणको अभिन्न भाग हो ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

सिए. शेषमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सागर ढुंगेल
संचालक

मुराहरी पराजुली
संचालक

निरन्जन फुँयाल
संचालक

चन्द्रसिंह साउद
अध्यक्ष

मिति: २०७४।०९।०५

स्थान: काठमाण्डौं ।

CDS and Clearing Ltd.

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**

**पुतलीसडक, काठमाण्डौं**

**नगद प्रवाह विवरण**

मिति २०७३ साउन १ देखि २०७४ आषाढ मसान्त सम्म

रकम (रु.) मा

| विवरण | २०७३/७४ | २०७२/७३ |
|---|---|---|
| **क. संचालन गतिविधिको नगद प्रवाह** | | |
| आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा/(नोक्सान) | ७७,८७६,७७३ | ५३,९८३,७६४ |
| १. ह्रास कट्टी | ४,२८७,८२७ | १,५२२,०८६ |
| २. सफट्वेयर अपलेखन | ३०,१५४,२४३ | ३०,१२१,६७५ |
| ३. सम्पत्ति बिक्रिमा नाफा | - | - |
| **कार्यशिल पूँजी परिवर्तन अधिको संचालन नगद प्रवाह** | **११२,३१८,८४३** | **८५,६२७,५२५** |
| **कार्यशिल सम्पत्ति तथा दायित्वमा परिवर्तन** | | |
| १. अचल सम्पत्तिमा भएको कमी / (वृद्धि) | - | ३९८,७७९ |
| २. चालु सम्पत्तिमा भएको कमी / (वृद्धि) | ३,९८२,०७३ | (३६,५७२,७७०) |
| ३. अचल दायित्वमा भएको वृद्धि / (कमी) | २,६३६,२६९ | ३३२,६१८ |
| ४. चालु दायित्वमा भएको वृद्धि / (कमी) | (८,८९०,६४१) | (६,२८३,०२२) |
| **जम्मा** | **(२,२७२,२९९)** | **(४२,१२४,३९५)** |
| अग्रीम आयकर भुक्तानी | (६,५५७,७९६) | (६,३९२,५४७) |
| **संचालन गतिविधिको खुद नगद प्रवाह (क)** | **१०३,४८८,७४८** | **३७,११०,५८३** |
| **ख. लगानी गतिविधिको नगद प्रवाह** | | |
| १. स्थिर सम्पत्ति (खरिद) | (१५,३८५,३३२) | (३१६,८३०) |
| २ पूँजीकरण गर्नुपर्ने सम्पत्ति | ९९८,९२० | (९९८,९२०) |
| ३. स्थिर सम्पत्ति (बिक्रि) | - | - |
| **लगानी गतिविधिको नगद प्रवाह (ख)** | **(१४,३८६,४१२)** | **(१,३१५,७५०)** |
| **ग. वित्तीय गतिविधिको खुद नगद प्रवाह** | | |
| १. शेयर पूँजी प्राप्त | - | - |
| वित्तीय गतिविधिको खुद नगद प्रवाह (ग) | - | - |
| **नगद प्रवाहमा भएको कुल वृद्धि र कमी (क+ख+ग)** | **८९,१०२,३३६** | **३५,७९४,८३३** |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १७४,७६७,२०४ | १३८,९७२,३७१ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **२६३,८६९,५४०** | **१७४,७६७,२०४** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

सिए. शेषमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सागर ढुंगेल
संचालक

मुरारीहरी पराजुली
संचालक

निरन्जन फुँयाल
